Total number of printed pages — 6

22 NEP 2(v)/16

# 2016

# NEPALI

**(Modern Indian Language)**

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours and *Fifteen Minutes**

***(*15 minutes are given as extra time for reading questions)***

सोधिएका प्रश्नहरूको उत्तर आफ्नै शब्दमा लेख ।

(प्रश्न संख्या **1** देखि **5** सम्मका प्रश्नहरूको उत्तर दिइएका विकल्पहरूबाट चुनेर लेख) :

1. आधुनिक दृष्टिले पत्रका कति रूप छन् ? 1

   (क) एक

   (ख) दुइ

   (ग) तीन

   (घ) चार

2. 'नगण' को चिन्ह कुन हो ? 1

   (क) 111

   (ख) 515

   (ग) 551

   (घ) 155

P.T.O.

3. कविको धन — 1

(क) कविता हो।

(ख) शैली हो।

(ग) भाव हो।

(घ) भाषा हो।

4. भुने कस्को छोरी थियो ? 1

(क) हरदासकी

(ख) रूक्मिर्णाको

(ग) छविनाथको

(घ) विष्णुभायाको

5. 'नचिनिने भएछौ' कविताका कवि को हुन् ? 1

(क) अगमसिंह गिरी

(ख) अनिरूद्ध गौतम

(ग) बालकृष्ण सम

(घ) लेखनाथ पौड्याल

(प्रश्न संख्या **6** देखि **25** सम्मका प्रश्नोत्तर एउटै शब्द वा वाक्यमा लेख) :

6. शिखरिणी छन्दमा के-के गण हुन्छ ? 1

7. एक शब्द तर विभिन्न अर्थ बुझाउने गरी एकै वाक्य वा श्लोकमा आवृत्ति भएमा कुन अलंकार भनेर बुझिन्छ ? 1

8. 'छ जोगी बार बाहुन' — मा श्लेष अलंकार परेको शब्द लेख। 1

9. बसन्ततिलका छन्दमा कतिवटा जगण हुन्छ ? 1

10. आठ अक्षरको एक पाउ हुने छन्द कुन हो ? 1

11. दुई मात्राको अक्षरलाइ को भनिन्छ ? 1

12. बालकृष्ण समको जन्म कहाँ भएकी थियो ? 1

13. 'चार एकांकी' कसले लेखेका हुन ? 1

14. 'बाजेले कसको फरमाईस संधैनै पुरा गरिरहेका थिए ? 1

15. दैलो सुरक्षित रहनकालागि के ले रक्षा गरेको हुनु पर्छ ? 1

16. कस्का पिता–पुर्खाले मान्छे मारी धाँटीमा ढाउकाको माला लाउँथे ? 1

17. नाति मानवकुमार किन एककासि अन्तर्ध्यान भयी ? 1

18. एड्स कस्तो किटाणुहरूबाट हुन्छ ? 1

19. एक्सप्लोइटरको अर्थ के ही ? 1

20. बोकसी एकांकीका एकांकीकार को हुन् ? 1

21. शशिका घरमा सानुबाबु कसलाई भेटने काम लिएर गएकी थियो ? 1

22. गंगाले आफनो लोग्ने हाँसेको कहिले देखेकी थिइं ? 1

23. हरदास को थिए ? 1

24. किशोरले आमालाई कुन भाषामा गाली गर्नु मन्छ ? 1

25. साँचो कुशलाई एकछिन गुम राजवेर अरू मए नमएकी कुरा जोड़ेर मान्छेलाई रूँ-रूँ पारेर एकछिनमा हसाउने बानी कस्को थियो ? 1

(प्रश्न संख्या **26** देखि **29** सम्मका प्रश्नोत्तर संक्षेपमा लेख) :

26. अतिशयोक्ति अलंकारले के अर्थ बुझाउँछ ? स्पष्ट पारेर लेख। 2

27. 'विदेशी भाषाको विद्यार्थी हुनु नराम्रो होइन, तर आफनो भाषा सर्वोपरी हो' — भावविस्तार गर। 2

28. एड्स भएको व्यक्तिका लक्षणहरू लेख । 2

29. भानुभक्तले कुन बेला रामायण लेख्ने विचार गरेका थिए ? 2

(प्रश्नसंख्या **30** देखि **38** सम्मका प्रश्नोत्तर संक्षेपमानै लेख)

30. यमक अलंकार केलाई भनिन्छ ? उदाहरण सहित लेख। 3

31. जाल फैलाउनु ; जीउँदै मर्नु ; आकाश-पाताल देखाउनु-उपर्युक्त उखान-तुक्काको अर्थ स्पष्ट पार। 3

32. विवरणात्मक निबन्ध भनेको के हो ? 3

33. पत्र लेखक पत्रका अंगहरुलाई कसरी राखिन्छ ? 3

34. बातैबातमा गर्जमान लिम्बूले आफ्ना साथीभाईहरू विषयमा के के कुरा गरे ? 3

35. भुने आफ्नी आमाप्रति माया नभएर पर-पर पन्छिन खोजेको ही कि वा अरू केही कारवाले हो ? स्पष्ट पारेर लेख। 3

36. आमाले शशिलाई कस्को चियो गर्न लाइन र शशिले के के गरी ? 3

37. 'पीकरुत' कवितामा वर्णित बसन्त ऋतुको वर्णन गर। 3

38. 'कर्म' कवितामा जीवन कसरी सिद्धिन्छ भनेर कविले भनेका छन् ? 3

(प्रश्न संख्या **39** देखि **43** सम्मका प्रश्नो तर विस्तारपूर्वक लेख) :

39. 'सत्य-सन्देश' कविताकी सारांश लेख। 8

***अथवा***

'सप्रसंग व्याख्या गर —

अतीत–गौरवले धपक्क बलेको
अधिको चहकिलो अनुहारमा
ग्लानिका विषाक्त रेखाहरू कोरिएछन पहाड़का बैशाखी वनमा।

40. गोपाल प्रसाद रिमाल अथवा ईन्द्रबहादूर राईको परिचय लेख। 8

41. संक्षिप्त रूपमा 'विहा' कथाको बयान आफनै शब्दमा गर। 8

***अथवा***

'कविको धन' निबन्धमा निबन्धकारले कस्ता बिचारहरू व्यक्त गरेका छन् ? विस्तारपूर्वक लेख।

42. कुनै एउटा विषय चुनेर निबन्ध लेख : 8

(क) मातृभाषा शिक्षाको माध्यम।

(ख) विज्ञानको चमत्कार

(ग) नारी शिक्षा

43. निम्नलिखित गद्यांश पढ़ेर तल सीधि–एका प्रश्नहरुको उत्तर लेख : 8

साँचो देशभक्तले आफनो देशलाई अघि राख्छ स्वदेशप्रेम उसकी रगतमा संचारित हुन्छ र देशका निम्ति महान बलिदान गर्छ। देश भनेको ढुंगा र माटो होइन। देश भने को जनता हो, मानिस हो। ती मानव आत्मा हरुको सुख र समृद्धिका निम्ति आफनो स्वार्थको उत्सर्ग नै स्वदेशप्रेम हो। मजदुरले पनि स्वदेशको सेवा गर्न सकछ, कलाकारले पनि देशको माया गर्छ, सैनिकले देशलाइ रक्षा गरेर स्वदेशप्रेम देखाउन सकछ। आज असंख्य मजदूरहरूको रगन र पसिनामा देश अड़ेको छ, प्रशस्त सैनिकहरुको बलिदानमा देशको स्वाधिनता सुरक्षित छे, प्रचुर कलाकारहरुको अथक सेवाले देशको सांस्कृतिक स्तर उच्च छ। यही भावना, यही बलिदान, यही सेवा स्वदेश प्रेम हो।

प्रश्न :

(क) देशभक्त कस्लाई भनिन्छ ? 2

(ख) स्वदेशप्रेम भनेको के हो ? 2

(ग) स्वदेशप्रेम क–कसले कसरी देखाउन सकछ? 2

(घ) देश को नाम उच्च राखनलाई कस्को सेवा बलिदान र देशभक्त भावना चाहिन्छ ? 2